लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय बर्दिया

गुलरिया, नेपाल

पत्र संख्याः २०८२/०८३
च.नं.: 7623

मितिः २०८३/०३/०९

**बिषयः सूचना वेभसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिने सम्बन्धमा ।**

श्री वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

श्री वन निर्देशनालय
बुटवल, रुपन्देही

प्रस्तुत बिषयमा लठवा सामुदायिक वन, राजापुर नपा-४, बर्दिया को प.सं. २०८२/०८३, च.नं. ४२ मिति २०८३/०३/०९ को पत्रसाथ संलग्न वनपैदवार बिक्री सम्बन्धी सूचना यस कार्यालयमा प्राप्त भएकोले समूहको माग अनुसार ताहाँको वेभसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराई दिनुहुन सादर अनुरोध छ ।

नि. डिभिजनल वन अधिकृत

**बोधार्थः**

श्री लठवा सामुदायिक वन, राजापुर नपा-४, बर्दिया : ताहाँबाट प्राप्त सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै वेभसाईटमा समेत अपलोड गरिएको ब्यहोरा जानकारी गराईन्छ ।

# श्री लठ्वा सामुदायिक वन उपभोक्ता समूह

राजापुर न.पा. ४, राजापुर, बर्दिया

प.स.२०८२/०८३
च.नं. ४२

मिति: २०८३/०३/०९

बिषय: ग्रैह्रकाष्ठ वन पैदावार बेत (Calamus spp.) लिलाम बिक्रि सूचना टाँसको जानकारी तथा Online गर्ने समबन्धमा ।

श्री डिभिजन वन कार्यालय बर्दिया
गुलरिया ।

उपर्युक्त विषयमा यस समुहबाट मिति २०८३/०३/०९ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित ग्रैह्र काष्ठ वन पैदावार बेत (Calamus spp.) बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना प्रकाशित भएकोले उक्त सूचनाको विस्तृत विवरण सहितको सूचना आ.व. २०८२/२०८३ मा ग्रैह्र काष्ठ वन पैदावार बेतको विस्तृत सूचना पाना २ लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालय, बन निर्देशनालय र डिभिजन वन कार्यालय बर्दिया, गुलरियामा Online गरिदिनुहुन सादर अनुरोध छ ।

पुनाराम थारु
(अध्यक्ष) अध्यक्ष

डिभिजन वन कार्यालय
दर्ता नं. ५३२५
मिति : ०८३।३।९

अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री लठ्वा सामुदायिक वन उपभोक्ता समूह

राजापुर न.पा. ०४, राजापुर, बर्दिया

प.स.२०८२/०८३

च.नं.

मिति: २०८३/०३/०९

विषयः ग्रैह्र काष्ठ वन पैदावार बेत (Calamus spp.) बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना ।

लट नं. १-२०८२/०८३

पहिलो पटक सुचना प्रकाशन मिति २०८३।०३।०९

श्री लठ्वा सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व.२०८२/०८३ मा स्वीकृत वन कार्ययोजना अनुसार कटान संकलन गर्दा उत्पादित ग्रैहकाष्ठ वन पैदावार बेत (Calamus spp.) श्री लठ्वा सामुदायिक वन उपभोक्ता समुह राजापुर न.पा. ०४, राजापुर, बर्दियाको घाटगद्दिमा रहेको तपसिलमा उल्लेखित परिमाणको ग्रैहकाष्ठ वन पैदावार बेत जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना **मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०३/०९ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र** खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस लठ्वा सामुदायिक वन उपभोक्ता समुहको कार्यालय राजापुर न.पा. वडा नं. ४, राजापुर, बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आहान गरिन्छ ।

तपसिल

१.वन पैदावारको बिवरण:-

| लट नं. | वन पैदावार | | | | | | | मुल्याङकन (रु.) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | धाङ्ग नं. | जात | ग्रेड | किसिम | थान | परिमाण कि.ग्रा. | प्रति के.जी. | न्युनतम मुल्य रु. | सङ्कलन खर्च |
| १-२०८२।२०८३ | | बेत (Calamus spp.) | N | बण्डल | ३५६ | ४८५९ | २५ | १२१४७५ | बेत संकलन खर्च प्रति के.जी. रु.३८/- साकार कर्ताले व्यहोर्नु पर्नेछ |
| लट नं.१-२०८२-०८३ कोकुल जम्मा | | | | | ३५६ | ४८५९ | | १२१४७५/- | |

२.बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) खरिद गर्ने अन्तिम मिति:२०८३।०३।२९

(ख) दाखिला गर्ने अन्तिम मिति २०८३।०३।३० गते समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको एभरेष्ट बैक लि., राजापुर शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. १०८००१०५२००१७४ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको लट नं. १-२०८२/०८३ को रु.१०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

अध्यक्ष

अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री लठ्वा सामुदायिक वन उपभोक्ता समूह

राजापुर न.पा. ०४, राजापुर, बर्दिया

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ५:०० बजे भित्र लठ्वा सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दि स्थलमा गई हेर्न सकिनेछ।

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी  वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि  र मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०३।३० गते दिनको २:०० बजे साक्षीहरुको रोहबरमा खोलिने छ ।

८.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेखुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।

अध्यक्ष